**निर्णयहरु:**

१. राजबिराज नगरपालिकामा रहेका शैक्षिक संस्था (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) मा २०७८ बैसाख मसान्त सम्म भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका बिधिहरु अपनाई शैक्षिक गतिबिधि संचालन गर्ने ।

२. विद्यालय र कलेज पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनसस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

३. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्बल, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अनय सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल बैसाख मसान्त सम्म बन्द गर्ने ।

४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लागयतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

५. एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य लगाउने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइजर गर्ने गरी सपिङ् मल, डिपार्टमेन्ट स्टोर संचालन गर्ने । जनसंख्या सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने ।

६. मेला,महोत्सव, जात्रा, पर्व, विवाह, न्वारन, पास्नी, बर्तबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दा पच्चीस जना भन्दा बढि नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र संचालन गर्ने । विवाह ब्रतबन्धका लागि पार्ट प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्न गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पच्चीस जनामा नबढ्ने गरी गसर्ने ।

७. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समिक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

८. सार्वजनिक यातायात संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने:

क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।

ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने ।

ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने ।

घ) चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने ।

ङ) सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने ।

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने ।

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधन प्रवेश गर्ने नदिने ।

२०७८/१/६

प्रमुख जिल्ला अधिकारी

ञ) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखि अन्तिम गन्तव्य सम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) लाई उपलब्ध गराउने ।

९. आन्तरिक हवाई उडान संचालन सम्बन्धमा देहाय बमोजिम गर्नेः

क) चालक दल तथा सबै यात्रुलाई मास्क तथा भाइजर अनिवार्य गर्ने ।

ख) हवाई जहाजभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने ।

ग) प्रत्येक उडान पछि हवाई जहाजलाई र ग्यारेजलाई निसंक्रमित गर्नुपर्ने ।

घ) चेक इन, बोर्डिङ, ब्यागेज क्लेम गर्ने स्थान तथा प्रतिक्षालयमा भिडभाड हुन नदिने र जनसंख्याका मापदण्ड लागु गर्ने ।

१०. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्को प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

११. होटल तथा रेष्टुरेन्टले बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने ।

क) होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पंजा लगाउने ।

ख) होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।

ग) कम्तिमा दुई मिटरको भौतिक दुरी कायम गर्ने ।

घ) सेनिटाइजरको व्यवस्था गर्नुपर्ने ।

ङ) होटेल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसंक्रमित गर्नुपर्ने ।

च) होटेल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेन्ट प्रवेश गर्न नदिने ।

१२. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको च.नं. म.वै/३२१/४९८५ मिति २०७८।०१।०६ को बैठकको निर्णय कार्यान्वयन गर्न सबै स्थानीय तहमा पठाउने । स्थानीय तहको निर्णयानुसार टोल सुधार समिति वा उपभोक्ता समिति तथा आम नागरिकले गर्नु पर्ने दायित्व पालना गर्न लगाउने व्यवस्था मिलाउने ।

१३.स्वास्थ्य प्रोटोकल पालना र नेपाल सरकारको निर्णय सम्बन्धमा प्रचार प्रसार गर्न स्थानीय पत्र-पत्रिका तथा एफ.एम संचालकलाई अनुरोध गर्ने र सम्बन्धित स्थानीय तहको समन्वयमा जिल्ला प्रहरी कार्यालयले प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

१४. निजी अस्पताल तथा स्वास्थ्य केन्द्रहरु र एम्बुलेन्स संचालकसँग जिल्ला स्वास्थ्य कार्यालयले समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

१५. स्थानीय तहमा खटाइएका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले स्थानीय तहका प्रमुख/उप प्रमुख सँग समन्वय बैठक राख्ने र उक्त बैठकमा स्थानीय तहका स्वास्थ्य कार्यालयका प्रमुख र स्थानीय स्तरका सकृय युवाहरुलाई आमन्त्रण गर्ने तथा स्थानीय युवाको समन्वयमा **नागरिक निगरानी समूह** गठन गरी मित्र राष्ट्रबाट आउने व्यक्तिको निगरानी गरी आवश्यक व्यवस्थापन गर्ने ।

२०७८।१।६

प्रमुख जिल्ला अधिकारी